नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# २०७९/०८० अङ्क-२ विद्यालय शिक्षासम्बन्धी गतिविधि-५६ (पूर्णाङ्क २६१)

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको अन्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा राष्ट्रपति शैक्षिक सुधार कार्यत्रम अन्तर्गत पढ्दे कमाउँदे कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा व्यवस्था भए बमोजिम कार्यक्रम सञ्चालन गर्न चाहने इच्छुक साधारण तथा प्राविधिक धारका सामुदायिक विद्यालयहरूले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यविधिको अनुसूची १ बमोजिमको ढाचाँमा प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेस गर्न इच्छुक विद्यालयहरूले देहाय बमोजिमका आधारहरू पूरा गरेको हुनुपर्नेछ।

**(क) कार्यक्रम सञ्चालनका लागि प्रचलित कानुन बमोजिम निर्धारित न्यूनतम विद्यार्थी सङ्ख्या पूरा भएको ।**

**(ख) सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न प्रतिबद्धतापत्र दिएको।**

**(ग) प्रस्तावित कार्यक्रमका लागि आवश्यक पर्ने कार्यविधिको अनुसूची १ बमोजिमको जग्गा तथा अन्य पूर्वाधार भएको।**

**(घ) स्थानीय हावापानी र भौगोलिक अवस्था अनुरूप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव भएको।**

विद्यालयहरूले मिति २०७९।५।१५ गतेभित्र सम्बन्धित स्थानीय तहमा प्रस्ताव पेस गरिसक्नुपर्नेछ।

स्थानीय तहले प्राप्त प्रस्तावहरूको प्राथमिकीकरण गरी मिति २०७९।५।२० गतेभित्र शिक्षा विकास तथा समन्वय इकाईमा पेस गर्नुपर्नेछ।

सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईहरूले कार्यविधिको अनुसूची २ बमोजिम मूल्याङ्कन गरी सोको आधारमा प्रस्तावको प्राथमिकीकरण समेत गरी २०७९ भाद्र मसान्तभित्र आइपुग्ने गरी यस केन्द्रमा पठाउनुपर्नेछ।

यस सम्बन्धी विस्तृत जानकारीका लागि केन्द्रको वेबसाइट www.cehrd.gov.np र मन्त्रालयको वेबसाइट www.moest.gov.np मा पढ्दे कमाउँदे कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ हेर्न सकिनेछ। कार्यविधिमा उल्लेख भएका सबै सर्त बन्देज अध्ययन गरी सबै आधार पूरा भएका र सर्त अनुसार काम गर्न सक्ने विद्यालयले मात्र रीतपूर्वको प्रस्ताव पेस गर्न सम्बन्धित सबैका लागि अनुरोध छ। समयभित्र पेस नभएका प्रस्तावहरू छनोट प्रक्रियामा समावेश हुन नसक्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

## पन्ध्रौं पुस्तकालय दिवस, २०७९ मनाउने सम्बन्धी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

पुस्तकालय प्रयोगमा रुचि जगाउने, अध्ययन संस्कृतिको विकास गर्ने र सूचना एवं ज्ञानमा आधारित समाज निर्माणका लागि वातावरण सिर्जना गर्ने, विभिन्न शिक्षण सिकाइ सम्बद्ध क्रियाकलापमा पुस्तकालयको उपयोग गर्ने बानीको विकास गर्ने प्रमुख उद्देश्यले नेपालमा हरेक वर्ष वि.सं. २०६५ भदौ १५ गतेदेखि पुस्तकालय दिवस मनाउन थालिएको हो।

मन्त्रालयको मिति २०७९ साउन १८ गतेको निर्णयअनुसार पन्ध्रौं पुस्तकालय दिवस मनाउन केन्द्रमा सचिवज्यूको अध्यक्षतामा मूल समारोह समितिको गठन गरिएको छ। यस अवसरमा मुलुकका सबै विश्वविद्यालय, प्रदेशका सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत ७७ ओटै शिक्षा विकास तथा समन्वय एकाइ, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत ७५३ ओटै स्थानीय निकाय, गाउँपालिका महासंघ नेपाल, नेपाल नगरपालिका संघ एवं पुस्तकालयको विकास र विस्तारमा संलग्न सबै गैरसरकारी संघ, संस्थाहरूमा समेत विविध कार्यक्रम गरी मनाउने निर्णय भएको छ।

साथै, कोभिड–१९ बाट प्रभावित हुनेको संख्या विस्तारै बढ्दै गइरहेको अवस्थालाई समेत हृदयंगम गरी सामाजिक दुरी तथा सुरक्षाका प्रबन्ध मिलाई स–साना समूहमा कार्यक्रम सञ्चालन गर्न तथा अनलाइन/भर्चुअल माध्यमबाट सम्पादन गर्न सकिने खालका कार्यक्रम आयोजना गरी मनाउन अनुरोध गर्ने निर्णय समेत भएकाले यसै सूचनालाई आधार मानी विविध कार्यक्रमहरूको आयोजना गरी मनाउन अनुरोध छ।

दिवसका लागि तय गरिएको आदर्श वाक्य "**पढौं पढाऔं, निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं**" रहेको छ।

## सेवाकालीन तालिमका लागि सूचना !

आ.व. २०७९ /०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल शिक्षा सेवा राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका अधिकृतहरूका लागि एक महिने सेवाकालीन (शैक्षिक प्रशासन) तालिम यही प्रथम र द्वितीय त्रैमासिक अवधिमा सञ्चालन गर्नुपर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कर्मचारीहरूले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको क.प्र. तथा सुशासन प्रवर्द्धन शाखा वा इमेल **moekapra@gmail.com** मा पठाउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना **cehrd.gov.np** मा समेत अपलोड गरिएको व्यहोरा अनुरोध छ।

## शैक्षिक रेडियो कार्यक्रम प्रसारण सम्बन्धी जानकारी

शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाकर्मी र शैक्षिक सरोकारवाला सबैका लागि उपयोगी हुने शैक्षिक रेडियो कार्यक्रम हरेक मङ्गलबार र शनिबार वेलुका ७:३० बजेदेखि १५ मिनेटसम्म रेडियो नेपालबाट प्रसारण भइरहेको जानकारी गराउछौँ। शैक्षिक रेडियो कार्यक्रम यस प्रकार प्रसारण हुने भएकाले नियमितरूपमा सुनिदिनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौँ।

- प्रत्येक हप्ताको मङ्गलबार शैक्षिक सूचना तथा जानकारी, केन्द्र देखि विद्यालय सम्मका समाचारमूलक गतिविधि, समसामयिक विषयमा परिसम्वाद तथा अन्तर्वार्ता, शैक्षिक नीति, योजना, कार्यक्रम, ऐन/ नियम, निर्देशिका, कार्यविधि र कार्य ढाँचा सम्बन्धी जानकारी तथा कार्य प्रगति विवरण , लेख रचना र विद्यालय शिक्षाका असल अभ्यास समेटिएको स्थलगत रेडियो रिपोर्ट र शैक्षिक नाटक तथा छलफल जस्ता कार्यक्रम प्रसारण भइरहेको छ।
- त्यसैगरी प्रत्येक हप्ताको शनिबार शिक्षा सम्बन्धी विषयवस्तुमा आधारित नाटक तथा छलफल, लघुनाटक, सामाजिक, सांस्कृतिक पर्व, दिवस विशेष नाटक/छलफल, समसामयिक कुराकानी र सचेतनामूलक सन्देश, आदि प्रसारण भइरहेको छ।

यस केन्द्रबाट प्रसारण गरिएका कार्यक्रमहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ।
कार्यक्रमका सम्बन्धमा केही सुझाव र प्रतिक्रिया भए हामीलाई इमेल पनि गर्न सक्नु हुनेछ।
हाम्रो इमेल ठेगाना हो radiodeol@gmail.com
साथै यस कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन यहाँहरूबाट रचनात्मक सुझावको समेत अपेक्षा गर्दछौँ।

## श्रव्य पाठ प्रसारण सम्बन्धी सूचना

रेडियो नेपालबाट आइतबार बाहेक प्रत्येक दिन कक्षा १० का अनिवार्य विषयका श्रव्य पाठहरू साँझ ५:१५ बजेदेखि ५:४५ बजेसम्म र कक्षा ११ र १२ का अनिवार्य विषयका श्रव्य पाठहरू बेलुकी ८:२५ देखि ८:५५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। त्यसैगरी यस केन्द्र र सामुदायिक रेडियो प्रसारण सङ्घ बिचको सहकार्यमा देश भरका करिव २०१ भन्दा बढी सामुदायिक रेडियोहरू मार्फत् कक्षा १०, ११ र १२ का अनिवार्य विषयका श्रव्य पाठहरू बिहान १०:०० देखि ११:०० बजेसम्म र पुनः प्रसारण बेलुकी ५:०० देखि ६:०० बजेसम्म प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्य पाठहरूबाट सम्बन्धित विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ। श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिने छ। प्रसारण गरिएका उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज www.facebook.comradiodistance मा सुन्न सकिनेछ।

## टेलिभिजनबाट श्रव्यदृश्य पाठ प्रसारण सम्वन्धी सूचना

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा ८ र ७ का विषयगत श्रव्यदृश्य पाठहरू विहान ५:४५ बजेदेखि ७:०० बजेसम्म र कक्षा ६ र ५ का श्रव्यदृश्य पाठहरू विहान ७:४५ बजेदेखि ९:०० बजेसम्म तथा कक्षा १ देखि ४ सम्मका श्रव्यदृश्य पाठहरू अपराह्न ४:३० बजेदेखि साँझ ७:०० बजेसम्म शनिबारबाहेक हरेक दिन नेपाल टेलिभिजनको NTV+ च्यानलबाट प्रसारण भइरहेका छन्। त्यसैगरी कक्षा १–१० का विषयगत श्रव्यदृश्य पाठहरू Dish Media Network Ltd. को Dishhome, NITV Streamz Pvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd को Mero TV / Subisu Cablenet (P). Ltd को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट शनिवार बाहेक हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाई दिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ। साथै सबै विद्यार्थी भाइ बहिनीहरूले आफ्नो अनुकूलता अनुसार उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिनेछ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको Youtube Channel, www.youtube.com/ncedvirtual र Learning Portal, learning.cehrd.edu.np बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार पनि हेर्न सकिन्छ।

## ५६औं अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउने सम्वन्धमा

**श्री शिक्षा विकास तथा समन्वय इकाई, सबै।**

**श्री स्थानीय तह, सबै।**

प्रस्तुत विषयमा ५६औं अन्तर्राष्ट्रिय साक्षरता दिवस, २०७९ भाद्र २३ (८ सेप्टेम्वर, २०२२) गतेका दिन साक्षरता सिकाइ क्षेत्रमा रूपान्तरण (Transforming literacy learning spaces) भन्ने नाराका साथ स्वास्थ्य सम्बन्धी मापदण्डहरू पालना गर्ने गरी जिल्ला तथा स्थानीय तहमा सामुदायिक/संस्थागत विद्यालयहरू, सामुदायिक सिकाइ केन्द्रहरू, अनौपचारिक प्रौढ विद्यालयहरू, क्याम्पसहरू, विभिन्न संघ/संस्थाहरू, पत्रकार, नागरिक समाज, अभिभावकहरू, विद्यार्थी संघ/संगठनहरू तथा राजनैतिक दलहरूसँग समन्वय र सहकार्य गरी विभिन्न रचनात्मक तथा प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गरी मनाउनुहुन निर्णयानुसार अनुरोध छ।

## युवा परिषद्‌को 'एक शिक्षण संस्था एक उद्यम कार्यक्रम'का लागि प्रस्ताव पेस गर्ने बारे ।

**(प्रथम पटक प्रकाशित मिति : २०७९।०४।१०)**

**विद्यालयमा उद्यम स्थापना गर्न इच्छक सामुदायिक माध्यमिक विद्यालयहरू,**

प्रस्तुत विषयमा चालू आ.व.मा गष्ट्रिय युवा परिषद्‌को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "**एक शिक्षण संस्था एक उद्यम कार्यक्रम**" सञ्चालन गर्न इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरूले एक शिणक्ष संस्था एक उद्यम कार्यकम (पहिलो संशोधन कार्याढाँचा, २०७९, बमोजिम सूचना प्रकाशन गएको मितिले ३० दिन भित्र व्यावसायिक परियोजना प्रस्ताव तपसिलका कागजात सहित संलग्न ढाँचामा निवेदन दिनुहुन अनुरोध छ। विस्तृत जानकारीका लागि परिषद्‌को वेबसाइट www.nyc.gov.np मा हेर्नु हुन तथा फोन न. ९८६१९९९३०१ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

**तपसिल:**

**१. विद्यालयमा उद्यम सञ्चालनमा सहयोग गर्ने प्रतिवद्धता सहितको स्थानिय तहको सिफारिस।**
**२. विद्यालयमा उद्यम स्थापना गर्ने व्यवस्थापन गरिएको प्रतिवद्धता सहितको निर्णय।**
**३. उद्यमी विद्यार्थी क्लब गठन भएको र उद्यम गर्ने प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपि र पदाधिकारीहरूको विवरण।**
**४. बैंक तथा वित्तीय संस्थामा उद्यम कोष स्थापना गरेको प्रमाण।**
**५. विद्यालयमा उद्यम सञ्चालनमा सहयोग गर्ने प्रतिवद्धता सहितको पूर्व विद्यार्थी मञ्च गठन भएको निर्णयको प्रतिलिपि र पदाधिकारीहरूको विवरण।**

**नोट :**

**१. निर्धारित मूल्याङ्कनका आधारहरू र विद्यालयको स्थलगत निरीक्षण समेतका आधारमा प्रत्येक प्रदेशबाट एक–एक र संघबाट एक गरी ८ ओटा विद्यालय छनोट गरिनेछ।**
**२. छनोट भएको विद्यालयलाई बिउ पुँजीको रूपमा एकमुष्ट अनुदान उपलब्ध गराइनेछ।**
**३. विद्यालयको आफ्नै प्रयासमा उद्यम स्थापना गरेको र उत्पादनमूलक उद्यम सञ्चालन गर्ने सामुदायिक माध्यमिक विद्यालयलाई विशेष प्राथमिकता दिइनेछ।**
**४. गत वर्षहरूमा संघ, प्रदेश तथा स्थानीय तहबाट एक शिक्षण संस्था एक उद्यम कार्यक्रम पढ्दै कमाउँदै कार्यक्रम र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नमूना विकासका लागि छनोट भएका विद्यालयहरूलाई यस कार्यक्रममा समावेश गरिनेछैन। कार्यक्रममा नपरेको स्वघोषणा गर्नुपर्नेछ।**
**५. एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन २०७९ (पहिलो संशोधन) कार्याढाँचा, www.nyc.gov.np मा उपलब्ध छ।**
**६. प्रस्ताव परिषद्‌को इमेल info@nyc.gov.np बाट समेत पठाउन सकिनेछ। म्याद नाघेका प्रस्ताव उपर कुनै कारबाही गरिनेछैन।**

## IEMIS मा विवरण अद्यावधिक गर्न छुट भएका बिद्यालय तथा स्थानीय तहहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अन्यन्त जरुरी सूचना

**१. IEMIS अद्यावधिक गर्न तथा अनलाइन अपलोड गर्न छुट भएका विद्यालयहरूका लागि मिति २०७९ १ देखि ऐ. १० सम्ममात्र प्रणाली खुला रहने भएकाले विद्यालयहरूले उक्त समयावधिभित्र अनिवार्य रूपमा अपलोड गरी सक्ने।**
**२. स्थानीय तहले नयाँ कोड प्राप्त गरेका प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूको विवरण सहित Excel File का लागि यस केन्द्र (iemis@cehrd.gov.np) मा लेखी पठाउने।**
**३. यस अगाडि IEMIS File अपलोड गरिसकेका विद्यालयहरूले पनि थप विवरण अद्यावधिक गर्नुपर्ने भएमा मिति २०७९ भदौ १० गतेभित्र नै अद्यावधिक गरिसक्नुपर्नेछ।**
**४. विगत वर्षदेखि नै आधारभूत तह उत्तीर्ण (कक्षा–८) परीक्षाको नतिजा व्यवस्थापन यस प्रणालीबाट हुँदै आएको र आगामी वर्षहरूमा कक्षा ५ को नतिजा व्यवस्थापन पनि यसै प्रणालीबाट गरिने भएकाले मिति २०७९ भदौ १० गतेभित्र नै सबै विद्यार्थीहरूको विवरण (पछिसम्म फरक नपर्ने गरी) अद्यावधिक गर्ने/गराउने।**
**५. आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम यही विवरणका आधारमा तयार गरिने भएकाले विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान, विद्यार्थीले प्राप्त गर्ने सुविधा तथा विद्यार्थी परीक्षामा सम्मिलित हुनबाट वञ्चित हुने अवस्था आएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने।**

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

श्रव्यदृश्य शाखा सानोठिमी, भक्तपुर

## सूचीकृत हुनका लागि सूचना

**(सूचना प्रकाशन मिति : २०७९।०५।१)**

यस केन्द्रद्वारा विद्यालय शिक्षाका स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई पूरक सामग्रीको रूपमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग मार्फत गुणस्तरीय श्रव्य तथा श्रव्यदृश्य पाठहरू उत्पादन गरी रेडियो र टेलिभिजनबाट प्रसारण गर्नका लागि विषयगत विज्ञ शिक्षकहरूको सूची तयार गर्न लागिएको व्यहोरा जानकारी गराउन चाहन्छौँ। कक्षा १ देखि १० कक्षासम्म शिक्षण गर्नका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक तह र कक्षा ११ र १२ का लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी तालिम प्राप्त गरेका र विद्यार्थीहरूको स्तर, रुचि, उमेर समूह र क्षमता बमोजिम उत्प्रेरणा प्रदान गर्न सक्ने तथा विषयगत ज्ञान, सीप र कला कौशलसहित अन्तरक्रियात्मक शैलीमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग गरी शिक्षण गर्नसक्ने देशभरका इच्छुक शिक्षकहरूले सूचीकृत हुन यही २०७९ साल भदौ ३१ गतेभित्र रु.१०।- (दस) को टिकट टाँसी देहाय बमोजिम संलग्न गर्नुपर्ने विवरण आफैले प्रमाणित गरी तोकिएको ढाँचामा निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ। सूचीकृत हुन चाहने शिक्षकले सम्पूर्ण कागजातको स्क्यान कपी इमेल ठेगाना **avsection@cehrd.gov.np** मा पठाउन वा केन्द्रमा आफैं आई निवेदन दिन सकिने छ। सूचीकृत हुने विज्ञ शिक्षकहरूको नामावली केन्द्रको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

**संलग्न गर्नुपर्ने विवरण :**

**१. नेपाली नागरिकता प्रमाण–पत्रको प्रतिलिपि**
**२. स्थायी/अस्थायी करार शिक्षक नियुक्ति–पत्रको प्रतिलिपि**
**३. शैक्षिक योग्यता र तालिमका प्रमाण–पत्रको प्रतिलिपि**
**४. विद्यालयबाट सम्बन्धित विषय शिक्षण सिकाइ गरेको प्रमाणित पत्रको प्रतिलिपि**

यस केन्द्रमा गत वर्ष सूचीकृत भएका शिक्षकहरूले यस वर्ष पनि नवीकरण हुन चाहेमा तोकिएको ढाँचामा निवेदन दर्ता गराउनु पर्नेछ। यस सम्बन्धमा थप जानकारीका लागि ०१-६६३८१५०, ०१-६६३०४५७ मा फोन सम्पर्क गर्न सकिने छ। निवेदनको ढाँचा केन्द्रको वेबसाइट www.cehrd.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

## शिक्षा विकास तथा समन्वय इकाइ बर्दियाको अत्यन्त जरूरी सूचना

तपाईं श्री रघुनाथ अधिकारी (सं.नं. ११८७५१) बांसगढी नगरपालिका वडा नं.५ बर्दिया ठेगाना भइ श्री विश्वज्योति आधारभूत विद्यालय कुनैठी बर्दियाको प्राथमिक तह तृतीय श्रेणीको स्थायी शिक्षक मिति : २०७१/१२/०१ देखि २०७२/११/३० गतेसम्म बेतलवी बिदा स्वीकृत गराई उक्त विदा भुक्तान पश्चात हालसम्म विद्यालयमा अनुपस्थित रहनु भएकोमा तपाईंको घर ठेगाना, कार्यरत विद्यालय र तपाईंको व्यक्तिगत इमेलमा समेत २०७८/०६/१९ को पत्रबाट स्पष्टीकरण सोधिएकोमा तपाईंको इमेल मार्फत २०७८/०८/१० पेस गरेको लिखित जवाफमा मिति : २०७२/१२/०१ गतेदेखि मिति : २०७४/११/३० गतेसम्म बेतलवी बिदा बसेको भनि लेखेको, उक्त बेतलवी बिदा स्वीकृतिको पत्र पेस गर्न पटक पटक ताकेता गरेकोमा हालसम्म पनि यस इकाइमा पेस नगरेकाले उक्त बेतलवी बिदा स्वीकृत गरिएको पत्रको प्रमाणित प्रतिलिपि यस इकाइमा १५ दिनभित्र पेस गर्न अन्तिम पटक जानकारी गराइन्छ। अन्यथा तपाईंलाई शिक्षा ऐन २०२८ (संशोधन सहित) र शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम १३१ को उप नियम ३ बमोजिम नोकरीबाट बर्खास्त गर्ने ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।